
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ४ गते मंगलबार ❑ 18 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गुणस्तरीय शिक्षामा जोड दिऔँ : प्रधानमन्त्री दाहाल

**रासस**
चितवन, ३ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशभित्र भविष्य देख्ने वातावरण सिर्जना गर्न शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालयको चौथो दीक्षान्त समारोहलाई सोमबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री दहालले शैक्षिक गुणस्तर वृद्धि गरेर युवा पुस्तालाई स्वदेशमै अवसर छ भन्ने सन्देश प्रवाह गर्नुपर्ने बताउनुभयो।

"देशभित्रै भविष्य देख्ने सकारात्मक सोचका साथ मातृभूमिको माया सम्झेर आर्जित ज्ञान र सीप दिगो विकासका लागि सदुपयोग गर्नुहोस्," प्रधानमन्त्री दाहालले भन्नुभयो, "देशभित्र भविष्य देख्ने वातावरणका निम्ति शिक्षा र व्यवस्थापनको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिनुपर्छ ।" उहाँले कृषि विज्ञानमा भर्ना हुने र भेटेरनरीमा आवेदन दिने विद्यार्थीको सङ्ख्या बढिरहेको तथा भेटेरनरी विषयमा विद्यार्थी सङ्ख्या शतप्रतिशत बढाउने पहल भइरहेको जानकारी पाउँदा खुसी लागेको बताउनुभयो । प्राविधिक विश्वविद्यालयहरूलेअनुसन्धानमार्फत् नवीनतम प्रविधिको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यमा सम्पूर्ण क्षमता र साधनस्रोत खर्चिनुपर्नेमा जोड दिनुभयो। उहाँले विश्वविद्यालयका वैज्ञानिकहरूले भैँसीको बेमौसमी प्रजननको प्रविधि, गर्मी सहन गर्न सक्ने गहुँको जातको विकासलगायतका प्रविधि विकास गरेकोप्रति खुसी व्यक्त गर्नुभयो । विश्वविद्यालयले आवश्यकताअनुसार क्याम्पस तथा कृषि विज्ञान केन्द्र विस्तार र सवलीकरणका लागि योजना निर्माण गरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा विश्वविद्यालयका निम्ति आवश्यक जनशक्तिको व्यवस्थापनमा सरकारको तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो । "विश्वविद्यालयले सङ्काय, कलेज तथा विज्ञान केन्द्रहरूको शैक्षिक भवन, एकीकृत अनुसन्धान प्रयोगशाला, जैविक सुरक्षा प्रयोगशाला निर्माण गरिरहेकोमा निर्माण छिटो सम्पन्न गर्नुपर्छ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "विश्वविद्यालयका शैक्षिक एवं अनुसन्धान र प्रसार कार्यलाई गुणस्तरयुक्त तथा समयसापेक्ष बनाउन दश वर्षे रणनीतिक योजना निर्माण एवं पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयन गर्नुपर्छ ।" प्रधानमन्त्री दाहालले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्नुपर्नेमा जोड दिँदै कर्ममा समर्पित हुन आग्रह गर्नुभयो। दाहालले व्यक्तिगत स्वार्थ र निजी भविष्यका लागि मात्र नभइ देशको भविष्यमा ध्यान दिन अपील गर्नुभयो।

"राज्य, राजनीतिक दल र आम जनसमुदायबीच सहकार्य र एकता कायम हुँदा हामीले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न सक्छौँ र बदल्नै पर्दछ," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "तसर्थ, म सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूमा विशेष अपील गर्छु, राष्ट्रिय शब्दमा होइन, कर्ममा व्यक्त हुनुपर्दछ । हाम्रा गतिविधि व्यक्तिगत स्वार्थ र निजी भविष्यका निम्ति मात्र होइन, सिङ्गो देशको प्रतिष्ठा र भविष्यका निम्ति समर्पित हुनुपर्दछ ।" उत्पादन, उत्पादकत्व वृद्धि र देशभित्रै रोजगारीका नयाँ-नयाँ अवसरको सिर्जना गर्न सरकार निरन्तर क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस वर्षको नीति तथा कार्यक्रम र बजेटमा कृषि, सूचना-प्रविधिको क्षेत्रलाई सर्वाधिक महत्व दिएको स्पष्ट पार्नुभयो।

## आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिता : नेपाल बङ्गलादेशसँग २१ रनले पराजित

**रासस**
काठमाडौं, ३ असार

आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रङ्गशालामा सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएको हो। यस खेलसँगै विश्वपकमा समूह डि को समीकरण पूरा भएको छ। समूह डि बाट दक्षिण अफ्रिका र बङ्गलादेश विश्वकपको दोस्रो चरणमा प्रवेश गरेका छन्। आठ अङ्क बटुलेको दक्षिण अफ्रिका शीर्ष स्थानमा रहँदै सुपर आठमा पुगेको हो भने छ अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा पुगेको हो ।

यस समूहबाट नेपाल, नेदरल्यान्डस र श्रीलङ्का समूह चरणबाटै बाहिरिएका छन् । विश्वकपको यात्रा टुङ्गाएसँगै नेपाली टोलीका लेग स्पीन सन्दीप लामिछानेले भने टि ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटको आफ्नो ५४ औं खेलमा एक सय विकेट पुरयाउदै विश्वको दोस्रो छरितो खेलाडीको नयाँ कीर्तिमानी बनाउन सफल भएका छन् ।

बङ्गलादेशविरुद्धको खेलमा उनले दुई विकेट लिएसँगै उनको एक सय विकेट पूरा भएको हो । जारी विश्वकपमा सन्दीपको यो दोस्रो खेल हो। यसअघि अमेरिकाले भिसा नदिएपछि सन्दीपले अमेरिकामा नै भएको नेदरल्यान्डस र श्रीलङ्काविद्धको खेल गुमाउन पुगेका थिए। यद्यपी नेपाल र श्रीलङ्काको खेल भने वर्षाका कारण रद्द भएको थियो ।

अफगानिस्तानका रासिद खानले ५३ खेलमा एक सय विकेट लिँदै टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम खेलेर एक सय विकेट लिने कीर्तिमान बनाएका थिए । सोमबारको खेलमा बङ्गलादेशले जितका लागि दिएको एक सय सात रनको विजयी लक्ष्य पच्छाएको नेपाल १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमै समेटियो । नेपालका लागि कुशल मल्लले सर्वाधिक २७ रनको योगदान दिए । उनले ४० बलमा एक चौका र एक छक्काको सहायताले सर्वाधिक २७ रन बनाएका हुन।

त्यसैगरी दीपेन्द्रसिंह ऐरीले ३१ बलमा दुई चौका र एक छक्काको मद्दतमा २५ रन बनाए। त्यस्तै आसिफ शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कका रन बनाउन सकेनन् । कुशल भुर्तेल चार रनमा आउट हुँदा रोहितकुमार पौडेल र सन्दीप जोरा समान एक एक रनमा आउट भए । अनिल शाह, गुलशन झा, सोमपाल कामी, सन्दीप लामिछाने र अभिनाश बोहोरा शून्यमा आउट भए ।

नेपाललाई सस्तैमा समेट्नेक्रममा बङ्गलादेशका लागि तान्जिम हसन सकिबले चार विकेट लिए भने, मुस्ताफिजुर रहमानले तीन विकेट झारे । त्यस्तै सकिब अल हसनले दुई र तस्किन अहमदले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बङ्गलादेशले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६ रनको योगफल बनाएको थियो। बङ्गलादेशका लागि सकिब अल हसनले २२ बलमा २ चौकासहित सर्वाधिक १७ रनको योगदान दिए। त्यस्तै रिशाद हसनले सात बलमा एक चौका र एक छक्कासहित १३ रन जोडे। महमुदूल्लाह रियादले १३ बलमा दुई चौकाको सहायताले समान १३ रन नै जोडे ।

यसैगरी तक्किन अहमद र जाकेर अलीले समान १२/१२ रन जोडे भने लिटन दासले १० रन बनाए। तोव्हीद ह्रिदोयले ९, कप्तान नाज्मुल हसन सान्टाले ४ तथा तान्जिम हसन सकिब र मुस्तब फिजुर रहमानले समान ३/३ रन बनाए ।

नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र रोहितकुमार पौडेलले समान दुई दुई विकेट लिएका थिए । यस खेलसँगै जितविहीन रहँदै नेपालले विश्वकपको यात्रा टुङ्गायो ।


## तनहुँमा पुँजीगत खर्च ११ महिनामा ५० प्रतिशत मात्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

चालु आर्थिक वर्ष सकिन लाग्दा तनहुँमा पुँजीगततर्फको बजेट आधा मात्रै खर्च भएको छ। आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा वर्षभरिका लागि छुट्याइएको पुँजीगत बजेट आधा खर्च भएको हो।

चालु आवको ११ महिना अर्थात् जेठ मसान्तसम्ममा विनियोजित बजेटको ५० दशमलव १८ प्रतिशत मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ। सङ्घबाट प्राप्त रु तीन अर्ब ८१ करोड २४ लाख १४ हजार आठ सय २९ मा ११ महिना अवधिमा ४६ दशमलव ५७ प्रतिशत खर्च भएको कोलेनिकाका कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो।

भट्टराईका अनुसार चालुतर्फ ८२ दशमलव ३० प्रतिशत बजेट खर्च भएको छ। चालुतर्फ रु नौ अर्ब १६ करोड १४ लाख ६७ हजार छ सय १३ विनियोजन भएकामा रु सात अर्ब ५४ करोड तीन हजार चार  खर्च भएको छ। गण्डकी प्रदेश सरकारमार्फत विनियोजित विकास बजेट सङ्घको भन्दा नौ प्रतिशत बढी खर्च भएको छ। प्रदेशको पुँजीगततर्फ ५५ दशमलव ४८ प्रतिशत बजेट खर्च भएको छ। पुँजीगततर्फ रु दुई अर्ब ६० करोड ३७ लाख छ हजार विनियोजन भएकामा रु एक अर्ब ४४ करोड ४५ लाख ४१ हजार तीन सय १४ खर्च भएको कार्यालयले जनाएको छ। प्रदेशमा चालुतर्फ रु ८६ करोड ५८ लाख २९ हजार नौ सय ८० विनियोजन भएकामा रु ४७ करोड ५८ लाख ५४ हजार छ सय ३२ अर्थात् ५४ दशमलव ९६ प्रतिशत बजेट खर्च भएको छ । योजना छनोट गरेर लागू गरेपछि सुरुको त्रैमासिकमा बोलपत्र प्रक्रिया हुने, त्यसपछि बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्न तीन महिना लगाउने र कामको रफ्तार नबढाउनेलगायतका कारणले विकास बजेटको खर्च न्यून देखिएको कोष नियन्त्रक भट्टराईले बताउनुभयो। कार्यालयका अनुसार ११ महिनामा सङ्घ र प्रदेशको गरी ५० दशमलव १८ प्रतिशत विकास (पुँजीगत) बजेट खर्च भएको छ। पुँजीगत बजेट रु छ अर्ब ४१ करोड ६१ लाख २० हजार आठ सय २९ मा रु तीन अर्ब २१ करोड ९८ लाख ७३ हजार आठ सय ६० खर्च भएको छ। त्यस्तै चालुतर्फ भने ७९ दशमलव ९४ प्रतिशत खर्च भएको छ। चालु तर्फ रु दश अर्ब दुई करोड ७२ लाख ९७ हजार पाँच सय ९३ विनियोजन भएकामा रु आठ अर्ब एक करोड ५८ लाख ५८ हजार एक सय चार अर्थात् ७९ दशमलव ९४ प्रतिशत खर्च भएको कार्यालयले जनाएको छ।




## गण्डकी प्रदेशस्तरीय क्रिकेट: नवलपुर र स्याङ्जा विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताअन्तर्गत आजको खेलमा नवलपुर र स्याङ्जा विजयी भएका छन्।

यही जेठ ३२ गतेदेखि जारी प्रतियोगिताको समूह 'बी' को खेलमा जित निकालेका हुन् । नवलपुर र पर्वतबीचको भएको खेलमा नवलपुर छ विकेटले विजयी भयो। वर्षाका कारण पाँच ओभर घटाइएको खेलमा टस जितेर पारीको सुरुआत गरेको पर्वतले सात विकेटको क्षतिमा ९३ रन बनायो।

पर्वतका लागि रितिक थापाले २९ बलमा दुई चौका र एक छक्का प्रहार गर्दै २९ रनको योगदान दिए। अमृत गुरुङले १५ बलमा दुई चौका र एक छक्काको मद्दतले २३ रन जोडे। साथै दीपेन्द्र भण्डारीले १३, रोशन गौतमले ११ र सन्देश खड्काले १० रन जोडे।

नवलपुरका लागि बलर ऋषि गोविन्द श्रेष्ठले तीन ओभरमा १९ रन दिएर तीन विकेट लिए। कमल परियारले दुई, सुदीप अर्याल र स्वीकार श्रेष्ठले समान एक/एक विकेट लिए । जितका लागि ९४ रन पछ्याएको नवलपुरले १३ ओभरको चौथो बलमा चार विकेट गुमाउँदै लक्ष्य भेट्याउन सफल भयो । 'खेलको प्लेयर अफ दि म्याच' घोषित नवलपुरका प्रमीश अर्याललले ३६ बलमा चार चौका प्रहार गर्दै ३४ रन जोडे।

रिजन काफ्ले १६ बलमा दुई चौकासहित २७ रनमा 'नटआउट' रहे। दीपक डुम्रेले १४ रनको योगदान दिए । पर्वतका रोशन गौतमले दुई विकेट लिए भने विकाश क्षेत्रीले एक विकेट लिए । यसैगरी गोरखा र स्याङ्जाबीच भएको खेलमा स्याङजाले जित हासिल गर्न सफल भयो। बलर किरण भट्टराईले पाँच विकेट लिँदा स्याङ्जाले १० विकेटले सम्मानजनक जित दर्ता गरेको छ। टस जितेर ब्याटिङमा उत्रिएको गोरखा १८ दशमवल एक ओभरमा सबै १० विकेट गुमाउँदै ७४ रनमा समेटियो । अतिरिक्त १३ रन पाएको गोरखाका गौरव पौडेलले ३५ रनको योगदानबाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन छुन सकेनन्।

स्याङ्जाका किरणले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा दुई मेडनका साथ सात रन दिएर पाँच जनालाई आउट गरे। उनी खेलको 'प्लेयर अफ दि म्याच' घोषित भए। त्यस्तै विपीनराज न्यौपानेले तीन विकेट लिए भने अङ्कित न्यौपाने र तुलसी भण्डारीले समान एक/एक विकेट लिए। जवाफी ब्याटिङमा उत्रिएको स्याङजाले विस्फोटक ब्याटिङ गर्दै आठ ओभरको चौथो बलमा कुनै पनि विकेट नगुमाइ ७५ रनको लक्ष्य भेटायो । स्याङ्जाका ओपनर खेलाडीद्वय ईश्वर क्षेत्री र करण पगेनीको जोडीले उत्कृष्ट ब्याटिङ गर्दै लक्ष्यमात्रै भेटाएनन् टिमका लागि दुई अङ्कसमेत जोडे । ईश्वरले २३ बलमा तीन चौका र तीन छक्काको मद्दतले ३६ रन बनाउँदा करणले २९ बलको सामना गर्दै तीन चौका र एक छक्का प्रहार गर्दै ३६ रनको योगदान दिए । प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा गत जेठ ३२ गतेदेखि प्रतियोगिता सञ्चालन भएको हो । प्रतियोगिताअन्तर्गत मङ्गलबारको पहिलो खेल पर्वत र स्याङ्जाका बीच हुनेछ भने दोस्रो खेल गोरखा र नवलपुरबीच हुने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो। प्रतियोगिताबाट आसन्न दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टिम छनोट गरिने आयोजकले जनाएको छ।

प्रतियोगितामा विजेता टिमलाई नगद पुरस्कार रु एक लाख र उपविजेता टिमलाई नगद रु ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र पाउनेछन् । प्रतियोगितामा आठ जिल्लाको सहभागिता छ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा कास्की, बाग्लुङ, म्याग्दी र तनहुँ छन् भने समूह 'बी' मा र स्याङ्जा, नवलपुर, गोरखा र पर्वत छन् । समूह 'ए' बाट लिग चरणका तीन वटै खेल जित्दै कास्की समूह विजेता बनेर फाइनलमा पुगिसकेको छ।

# ओलम्पिक दिवसको अवसरमा पोखरामा पनि विभिन्न कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

ओलम्पिक दिवसको अवसरमा पोखरामा विभिन्न कार्यक्रम हुने भएको छ । ओलम्पिक दिवसको अवसरमा पोखरामा विभिन्न संघ संस्थाहरुले विभिन्न खेल सहितका गतिविधि आयोजना गर्दै ओलम्पिक दिवस मनाउने भएको नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङले बताउनु भयो ।

यसै सन्दर्भमा पोखरा नदीपुरको माउण्ट अन्नपूर्ण माबिमा चौथो संस्करणको एसईई छात्रछात्रा लक्षित बास्केटवल सहितका विभिन्न प्रतियोगिता आयोजना हुने भएको उहाँले जनाउनु भयो । शिक्षासंगै खेलकुदको बिकास गराउने उद्वेश्यले ओलम्पिक दिवसको अवसरमा बास्केटवल प्रतियोगिता, बक्तृत्वकला प्रतियोगिता र निबन्ध लेखन प्रतियोगिता यही असार ६ देखि ८ गतेसम्म हुने भएको सोमबार बिद्यालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो । जुन २३ (यही असार ९) मा ओलम्पिक दिवस पर्दछ ।बास्केटबल प्रतियोगिताको छात्र तर्फका बिजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार र तेश्रो हुनेले ५ हजार साथमा पदक र प्रमाणपत्र प्राप्त गर्ने भएको बिद्यालयका प्रधानाध्यापक एवं कार्यक्रमका संयोजक सइन्द्रकुमार श्रेष्ठले जनाउनु भयो । उक्त विधामा छात्रा तर्फ भने कम टिम सहभागिता हुने भएकोले विजेतालाई ९ हजार उपविजेतालाई ६ हजार र तेश्रो हुनेलाई भने ३ हजार साथमा पदक तथा प्रमाण पत्र वितरण गरिने भएको छ । बक्तृत्वकला प्रतियोगिता(अग्रेंजीमा) हुने भएको छ जसको विजेतालाई ७ हजार उपविजेतालाई ५ हजार र तेश्रो हुनेलाई भने ३ हजार र शान्त्वनालाई १ हजारको साथमा पदक तथा प्रमाण पत्र वितरण गरिने भएको प्लस टु संयोजक कृष्ण धितालले बताउनु भयो ।

त्यसै गरी 'रोल अफ ओलम्पिक गेम्स' विषयक बक्तृत्वकला प्रतियोगिता असार ६ गते आयोजना हुने भएको विद्यालयका कार्यक्रम निर्देशक अशोक शाहीले जनाउनु भयो । कार्यक्रम अन्तर्गत नै हुने निवन्ध लेखन प्रतियोगिता 'वर्तमान समयमा ओलम्पिक खेलको भूमिका' विषयमा हुनेछ । उक्त कार्यक्रममा नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङले विश्वका २ सय बढी मुलुकमा ओलम्पिक दिवसका अवसरमा विभिन्न खेलकुदका गतिविधिहरु हुने भएको बताउनु भयो । विश्वमा शान्ति र एकताको सन्देश दिन पनि शिक्षासंगै खेलकुदलाई अघि बढाइएको उहाँको भनाई छ । आधुनिक खेलकुदको जगलाई बलियो बनाउन यो दिवश महत्वपूर्ण रहेको उपाध्यक्ष गुरुङको भनाई छ । सो अवसरमा विद्यालयका सञ्चालक समितिका पूर्व अध्यक्ष चिजकाजी गुरुङ(काजी), स्पोर्टस फर अल कमिसनका गण्डकी प्रदेशका संयोजक अध्यक्ष खड्ग बहादुर रानाभाटले विद्यालयले ओलम्पिक 'डे'को अवसरमा आयोजना गर्ने खेलकुद कार्यक्रमले खेलकुद प्रति सकरात्मक प्रभाव पार्नेमा जोड दिनु भयो । विद्यालयले शैक्षिक सत्र २०८० मा एस.इ.ई दिएर बसेका विद्यार्थीहरुलाई सबै कार्यक्रममा सक्रिय सहभागिता जनाउन आग्रह गरेको छ । विद्यालयले बास्केटबल छात्रतर्फ १८ र छात्रातर्फ ८ भन्दा बढि टिमको सहभागिता हुन सक्ने जनाएको छ । बिद्यालयमा हाल करिब १ हजार १ सय भन्दा बढी बिद्यार्थी अध्ययनरत हुनुहुन्छ ।



इस्लाम धर्मावलम्बीको पर्व बक्र ईद (उल-अजहा) का अवसरमा सोमबार पोखरा वडा नं. १३ मा मनाउदैं । तस्वीर : पोखरापत्र

# पोखरा २६ को योजना महिलाले छनौट गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

पोखरा महानगरपालिका वडा नं. २६ ले आगामी आर्थिक बर्ष २०८१/०८२ का योजना छनौट गर्ने जिम्मा महिलाहरुलाई दिएको छ ।

वडा भित्र रहेका विभिन्न आमा तथा महिला समूहलाई आगामी आर्थिक बर्षको योजना छनौट गर्ने जिम्मा दिईएको वडाध्यक्ष नरेन्द्र थापाले जानकारी दिए ।

मातृशक्तिमा समन्यायिक बजेट विनियोजन र आवश्यकता पहिचान गर्ने क्षमता हुने भएकाले योजना छनौटको जिम्मा दिइएको अध्यक्ष थापाले बताए ।

वडा भित्रका महिला तथा आमासमूहलाई एक करोडको बजेट सिलिङ भित्र सवैलाई समेट्ने गरी योजना ल्याउन अध्यक्ष थापाले आग्रह गरे ।



बजेट निर्माणमा पुरुषले कुनै हस्तक्षेप नगर्ने उल्लेख गर्दै, अध्यक्ष थापाले महिला जनप्रतिनिधि लक्ष्मीदेवी भट्टराई, सुजता बराल सुनार र महिला समूहको तर्फबाट अम्रिता बराललाई समन्वय गर्ने जिम्मेवारी दिईएको बताए ।

योजना छनौटका लागि वडाले सोमबार महिला तथा आमा समूह, युवा, बालबालिका एवं विभिन्न संघसंस्थाका प्रतिनिधि र राजनितिक दलका स्थानीय नेतृत्वलाई स्थलगत अध्ययन र चालु आ.ब मा गरेका कामहरुको प्रगतीका बारेमा वडा भ्रमण गराएको थियो । वडाको स्थलगत भ्रमण पछि आयोजित संक्षिप्त कार्यक्रमलाई सम्वोधन गर्दै, वडाध्यक्ष थापाले भौतिक पूर्वाधार तर्फ देखिने गरी विकास भएको उल्लेख गर्दै, अव मानविय संसाधनको विकासमा जोड दिईने उल्लेख गरे । सामाजिक संजालमा सक्रिय भैरहँदा वडा भित्र भएका विकास निर्माण र सकरात्मक कुराहरुको प्रचार गर्न समेत आग्रह गरे ।

विकास निर्माणका मुद्दामा सवै राजनितिक दल एकठाउँमा हुनु पर्ने उल्लेख गर्दै, अध्यक्ष थापाले वडामा राम्रा काम भएको देख्न नसक्ने केही तत्वले पूर्वाग्रह राखेको बताए । हामीले राम्रो काम गर्दा केहीको निद हराम भएको छ, अध्यक्ष थापाले भने–"हामीले गरेका कामले केहीको राजनिति सकिने चिन्ताले गलत अफवाह फैलाएका छन् ।"

कार्यक्रममा पूर्वन्यायाधिस बासुदेव न्यौपानेले जनतालाई विकास, समस्या र समाधानका लागि स्थलगत रुपमै भ्रमण गराएर वडाले नमूना काम गरेको बताए । वडालाई युवाले नेतृत्व गर्दा परिणाम स्मार्ट नतिजा आउने उल्लेख गर्दै, जनप्रशासन पनि स्मार्ट बनाउन सुझाव दिए ।

कार्यक्रममा लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मा, स्थानीय व्यक्तित्व हरिप्रसाद अधिकारी महिलाहरुको तर्फबाट अम्रिता बराल, युवाका तर्फबाट आर्दश मोहन भट्टराई लगाएतले योजना छनौट विधि महानगरमै नमूना भएको दावी गरे ।

# कास्कीका सीडिओ र एसपीको स्वागत र सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

होटल संघ पोखरा नेपालले कास्कीका नव आगन्तुक प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलाई सोमबार एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको छ। सोही अवसरमा संघले कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक मोहनकुमार थापालाई सम्मान पनि गरेको छ।




जिल्लामा शान्ति सुरक्षा कायम राख्दै विविध विकृति नियन्त्रणमा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै प्रहरी प्रमुख थापालाई सम्मान गरिएको हो । प्रहरी प्रमुखका रुपमा थापाले पोखरा भित्रिँदै गरेका पर्यटकलाई गैरकानूनी रुपमा स्कर्टिङ गरी उनीहरुलाई दुःख र हैरानी दिने गिरोहलाई निस्तेज पारेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले स्मरण गराए ।

यसैगरी मोडिफाई गरिएका बाईक नियन्त्रणमा लिई कार्वाही गरेर थापाले ध्वनी प्रदूषण नियन्त्रणमा देखिने र अनुभुत हुने गरी नतिजा दिएको सुवेदीले बताए । सो अवसरमा अध्यक्ष सुवेदीले सात प्रदेशका ७७ वटै जिल्लामा होटल संघको संजाल रहेको, प्रदेश स्तरमा समेत संघका समिति रहेको र लगानीका हिसावले सबै भन्दा ठूलो पर्यटनको क्षेत्र होटल नै रहेको सुवेदीले बताए । पोखरा र वरपरको होटल क्षेत्रमा मात्र पाँच खर्ब रुपैयाँ लगानी रहेको तथ्यंक पनि उनले सुनाए ।

कार्यक्रमका अवसरमा संघका सल्लाहकार र पदाधिकारीहरुले पोखरा पर्यटकीय राजधानी घोषणासँगै रात्रीकालिन व्यवसाय २४ घण्टा खोल्न पाउने सन्दर्भमा त्यस्तो व्यवसायलाई व्यवस्थित गर्न ४१ बुँदे आचारसंहिता पालना गराउनुपर्ने र अनुगमन समेत अगाडि बढाइनुपर्ने सुझाव राखे। पर्यटकीय अपार्टमेण्टमा हुनसक्ने अवाञ्छित गतिविधिप्रति सचेत हुनुपर्ने, अव्यवस्थित पार्किङको समस्या सुल्झाउनुपर्ने र माशिक रुपमा प्रमुख जिल्ला अधिकारीले सर्वपक्षीय बैठक राखी जनता र व्यवसायीका समस्या, गुनासो र सुझाव सुन्ने व्यवस्थाका लागि समेत सो अवसरमा अनुरोध गरिएको थियो।

भारतीय पर्यटक बढेको बेला अहिले सिमा नाकाबाट पोखरा आउँदा उनीहरुमाथि धेरै ठाउँमा चेकिंग हुँदा हैरानी व्यहोर्नुपर्ने अवस्था रहेको र नगरबसले जथाभावि पार्किङ गर्ने तथा नो हर्नको नियम समेत पोखरामा प्रभावकारी रुपमा लागू हुन नसकेको गुनासो व्यवसायीले गरेका थिए ।

कार्यक्रममा हानका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपालका पूर्व अध्यक्ष भरतराज पराजुली, हान गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रे, संघका सल्लाहकारहरु बच्चुराम तिवारी, मेहरमान श्रेष्ठ, उपाध्यक्ष गणेशराज पहारी र कोषाध्यक्ष नेत्रप्रसाद पौडेल लगायतले भनाई र सुझाव राखेका थिए ।

कार्यक्रममा बोल्दै प्रजिअ पाण्डेले पर्यटकीय क्षेत्र लगायत समग्र जिल्लाको सुरक्षा र उपभोक्ता अधिकार तथा हितलाई समेत ख्याल गरेर प्रहरी प्रशासन अगाडि बढ्ने प्रतिबद्धता सुनाए । यसका लागि प्रहरी प्रशासन व्यवसायीसँग हातेमालो गरेर नै अगाडि बढ्ने उनले बताए।

प्रहरी उपरीक्षक थापाले विविध विकृति विरुद्ध कास्की प्रहरीले आफ्नो अभियानलाई जारी रहेको बताए । मोडिफाई गरिएका छ सय ८१ मोटरसाइकललाई कार्बाही गर्दा मात्र ५० लाख रुपैयाँ राजश्व संकलन भएको जानकारी उनले दिए। मोडिफाई गरिदिने वर्कसपलाई पनि कार्वाही गरिएको र अहिले कुनै पनि वर्कसपले वाइक मोडिफाई नगर्ने प्रहरी उपरीक्षक थापाले सुनाए ।

क्लब र डिस्कोबाट निस्कँदा राति वा विहान वियर र रक्सीको बोतल लिएर निस्कनेलाई पनि कार्वाही गरिने उनले बताए । इमान्दारितापूर्वक आफूले गर्नै पर्ने काम गरेको बताउँदै उनले यसक्रममा आफू सम्मानित भएकोमा संघलाई उनले धन्यवाद दिए । कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए ।

# दोस्रो स्थापना दिवस मनाउदैं रास्वपा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार


राष्ट्रिय स्वतन्त्र पार्टीले आफनो दोस्रो स्थापना दिवसका अवसरमा साताब्यापी कार्यक्रम गरेर मनाउने भएको छ ।

असार १ गते देखी ७ गतेसम्म विविध कार्यक्रमका साथ वार्षिकोत्सवका रुपमा स्थापना दिवस मनाउन लागिएको गण्डकी प्रदेश प्रवक्ता विकास भुर्तेलले जानकारी दिएका छन् ।

स्थापना दिवसको अवसरमा गण्डकी प्रदेश भित्र रहेका जिल्लाहरूमा हालसालै निमार्ण सम्पन्न भएका तथा निर्माणधिन भौतिक पूर्वाधारका योजनाको अनुगमन, रक्तदान, बृक्षारोपण, सरसफाई, शुभकामना आदानप्रदान, चियापान तथाअन्यविविधकार्यक्रमआयोजना गर्ने लागिएको वताईएको हो ।

यसै अवसरमा कास्की जिल्लाले असार १ गते निर्माणाधीन मध्यपहाडी राजमार्गको स्थलगत निरीक्षण गरिसकेको छ भने असार ५ गते चिप्लेढुङ्गाको मानव अधिकार चोकमा रक्तदान, असार ६ गते पोखराका विभिन्न ठाउँमा सरसफाई तथा बृक्षारोपण र असार ७ गते गण्डकी प्रदेश कार्यालय, पोखरामा चियापान तथा शुभकामना आदन प्रदान कार्यक्रम आयोजना गर्न लागिएको कास्की जिल्ला संयोजक योगराज पौडेलले जानकारी दिए ।


## कपालको उपचार
### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

**सम्पादकीय**

# संसदमा एनजीओ प्रवेश

मिनी संसद भनिने समितिभित्र सभापतिको अनुमतिबिना कुनै पनि कार्य हुन सक्दैन । असार २ गतेको राज्य ब्यवस्था तथा सुशासन समितिको बैठकमा संघीय निजामती सेवा विधेयकबारे विज्ञसँग छलफल गर्ने एजेन्डा थियो । तर, बैठकमा गैरसरकारी संस्थाको खाजा पहिल्यै पुगेपछि बैठक बहिष्कार र स्थगन हुन पुगेकको छाउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने 'यस्तो अवस्थामा बैठकमा बस्नै नसक्ने' भन्दै बाहिरिएपछि बैठक चल्न सकेन । लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीलगायतका विज्ञहरूसँग छलफल रहेको थियो ।

सो बैठकमा नेसनल फोरम अफ पार्लियामेन्टेरियन अन पपुलेसन एन्ड डेभलपमेन्ट (एनएफपीपीडी) अभियानले खाजाको व्यवस्था गरेको थियो । राज्य ब्यवस्था समितिको बैठकमा समितिका सभापति रामहरि खतिवडाले गैससको खाजा भित्र्याएपछि विवादमा परेका छन् । यसअघि उपप्रधान तथा गृहमन्त्री लामिछानेलाई संसदमा बोल्न नदिने कांग्रेसको निर्णय उल्लंघन हुनेगरी समितिको बैठकमा बोलाएपछि उनको आलोचना पार्टीकै नेता तथा सांसदबाट भएको थियो । त्यतिबेला पार्टीको रणनीतिविपरित समितिमा सभापति खतिवडाले काम गरेको भन्दै आलोचना भएको थियो ।

संविधान निर्माणको क्रममा एनजीओको प्रभावमा संविधान बनेको भनेर आलोचना हुने गरेको छ । बेला बेलामा स्वार्थ समुहले होटल , रिसोर्टमा बैठक राखेर सांसदहरूलाई आफ्नो अनुकूलको कानुनी बनाएको भनेर आलोचना हुने गरेको थियो ।त्यसबाट पाठ सिकेर कसैको दबाब र प्रभावबाट मुक्त भएर कानुन बनाउनुपर्ने बेला फेरि त्यही गल्ती दोहोरिनु दुर्भाग्य हो । समितिमा छलफल गर्न कसले पाउने भन्ने संसदीय मर्यादा राख्नुपर्छ ।'

सभामुख देवराज घिमिरेले समिति सभापतिहरूसँगको बैठकमै संसद सचिवालयलाई जानकारी नगराई एनजीओ र आईएनजीओसँग मिलेर काम नगर्न समितिहरूलाई निर्देशन दिएका थिए । कहिले समितिको कार्यक्षेत्र नाघेर बैठक बोलाउने कहिले समितिको निष्कर्ष भन्दा आफ्नो बिचारलाई निर्णय भनेर निर्देशन दिने गरेका कारण सभापति खतिवडा विवादित बनेका छन।अहिले काङ्ग्रेस प्रमुख सचेतक रमेश लेखकले समेत राज्य ब्यवस्था समितिमा एनजीओ घुस्नु दुर्भाग्य भनेका छन । पार्टीको नाउँमा व्यक्ति हिरो बन्ने र संसदीय मुल्य मान्यता कायम गर्न नसक्नेलाई काङ्ग्रेसले सभापतिबाट फिर्ता बोलाउनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ डेमसाइड मार्ग-१० बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः डेमसाइड मार्ग-१० बाटो निर्माण
ठेगानाः पोखरा-१७, डेमसाइड
योजना सुरु मितिः २०८०/१२/२५ गते
योजना सम्पन्न मितिः २०८१/०२/०३ गते
योजनाको कुल लागतः रु. ८,००,०००/-
महानगरपालिकाबाटः रु. ४,००,०००/-
जनसहभागिताबाटः रु. ४,००,०००/-

**डेमसाइड मार्ग-१० बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१७, डेमसाइड**


# बेनीको खुला मञ्च विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी ३ असार

म्याग्दीको सदरमुकाम बेनीमा रहेको खुला मञ्च खेल मैदानलाई फराकिलो बनाउन क्षेत्रफल विस्तार गरिएको छ । खेल मैदान परिसरमा रहेको बेनी भगवती मन्दिरको पर्खाललाई स्थानान्तरण गरेर खेलमैदानको लम्बाई बढाएर मापदण्डअनुसारको बनाइएको हो । एघार/एघार जना फुटबल खेलाउन मिल्ने बनाउन मन्दिरको पर्खाललाई तीन मिटरपछि सारेर खैल मैदानको लम्बाइ सय मिटर बनाइएको बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो । "यसअघि ९७ मिटर भएको बेनी खुला मञ्चको खेल मैदानको लम्बाइ विस्तार गरेर सय मिटर बनाएका छौँ", उहाँले भन्नुभयो, "३८ मिटर चौडाइ भएको खेल मैदानलाई ४५ मिटर चाक्लो बनाउन म्याग्दी नदीको किनारमा पर्खाल उठाएर प्याराफिट बनाइसकिएको छ ।"

कालीगण्डकी नदीतर्फ खेलमैदान विस्तार गर्न पिल्लर उठाइएको र प्यारापिट बनाउन प्रदेश, सङ्घीय सरकारसँग बजेट प्रस्ताव गरिएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । खेल मैदानको क्षेत्रफल विस्तार गर्न बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा रु ५० लाख विनियोजन गरेको थियो। सो बजेटबाट खेल मैदानमुनि कालीगण्डकी र म्याग्दी नदीको दोभानमा दुई कोठे मलामी घर र मन्दिर परिसरको पर्खाल सार्ने काम अन्तिम चरणमा पुगेको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । मलामीघरको माथिल्लो भागमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीमार्फत ११ वटा सार्वजनिक शौचालय निर्माण गर्न लागिएको छ । 'बेनी मिनी रङ्गशाला' म्याग्दी जिल्लाको प्राथमिकता प्राप्त र बेनी नगरपालिकाको गौरवको आयोजना हो ।

यसअघि म्याग्दी नदीको किनारतर्फ एक सय पाँच मिटर लामो र पाँच मिटर अग्लो पर्खाल बनाएर त्यसमाथि करिब सय मिटर लामो प्याराापिट बनाइएको थियो । दर्शक बसेर खेल अवलोकन गर्ने प्याराापिटको बाहिरी भागमा बल बाहिर जान नदिन र अग्लो तारजाली लगाइएको छ ।

कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको मैदानलाई विस्तार गर्न र प्याराापिट बनाउन विसं २०७४ मा रु नौ करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको थियो । फुटबल, क्रिकेट र एथ्लेटिक्स खेलको अभ्यास गर्ने र प्रतियोगिता सञ्चालन गर्ने एकमात्र मैदान खुला मञ्च हो ।

जिल्लास्तरीय मेला, महोत्सव, सभा, समारोह, सांस्कृतिक कार्यक्रम र सम्मेलन यही हुने गर्छ । कालीगण्डकी किनारतर्फ करिब ५० मिटर लामो प्याराापिट बनाउन पिल्लर ठडाइएको छ । दर्शक बस्ने चार तहको प्याराापिट बनाउने योजना छ । हाल नौ/नौ जनाको फुटबल खेलाइने खेलमैदान विस्तार गरेपछि ११/११ जनाको टिम खेलाउन सकिन्छ ।

हाल फुटबल खेल्दा खेलाडीले फालेको बल खोलामा पुगेर हैरान हुन्छ । विसं २०५१ मा तत्कालीन सांसद निल पुनले सांसद विकास कोषबाट रु एक लाख बजेट विनियोजन गरेर खुलामञ्चलाई व्यवस्थित बनाउन सुरु गरिएको थियो । आव २०७७/७८ र ०७८/७९ मा बजेटविहीन हुँदा अलपत्र बनेको बेनी खेलमैदान योजनालाई पूर्णता दिन पछिल्लो दुई आवमा रु ५०/५० लाख बजेट व्यवस्थापन गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो ।

# वालिङको शसस्त्र गुल्म प्रदेशकै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

स्याङ्जा स्याङ्जाका वालिङ ८ घ्याङलीङमा रहेको शसस्त्र प्रहरी गुल्म गण्डकी प्रदेशकै उत्कृष्ट बनेको छ ।

शसस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्म स्याङ्जा गण्डकी प्रदेशकै कार्यसम्पादन, निरिक्षणमा उत्कृष्ट बनेको हो । ४४८.९६ अर्थात ७३.६० प्रतिशत अंक सहित देशभरकै चौँथो र गण्डकी प्रदेशमा प्रथम स्थान प्राप्त गर्दै उत्कष्ट बनेको गुल्मले जनाएको छ । शसस्त्र प्रहरी बल नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालयको २३औं स्थापना दिवको अवसरमा शसस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्मलाई पुरस्कृत गरिएको छ ।

शसस्त्र प्रहरी महानिरिक्षक राजु अर्यालले शसस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्म स्याङ्जाका गुल्मपति शसस्त्र प्रहरी नायब उपरीक्षक देवराज जोशीलाई प्रशंसापत्र



हस्तान्तरण गरेका थिए । प्रदेशकै प्रथम स्थान हासिल गरेको शसस्त्र प्रहरी बल नेपाल केन्द्रिय निरीक्षण एवं उत्कृष्ट ईकाईहरुको छनौट तथा ईकाईहरुको योग्यताक्रम निर्धारण सम्बन्धी स्थायी आदेश २०८० को निरीक्षणको क्रममा गण्डकी प्रदेश अर्न्तगतको गुल्महरु मध्ये उत्कृष्ट गुल्म हुन सफल भएको शसस्त्र प्रहरी बल नेपाल नं. ३० गुल्मका गुल्मपति देवराज जोशीले बताए ।

स्याङ्जाका विभिन्न क्षेत्रमा हुन विपदका घट्ना देखी उद्धारका काममा शसस्त्र प्रहरीले महत्वपुर्ण भुमिका खेल्दै आएको छ । गुल्म स्थायी भएपनि अहिले सम्म जग्गा उपलब्ध हुन नसक्दा अत्यन्तै कष्टकर रुपमा बसेर जनताको सेवा गर्न बाध्य रहेको छ । जिल्लाको मध्यभागमा रहेको गुल्मले बाढीपहिरो, आगालागी, सवारी दुर्घट्ना लगायतमा तत्काल रेस्क्यु गरी सेवा दिदै आउको छ भने पौडी खेल्दा डुबेका, खोलानदीले बगाएका नागरिकको उद्धारमा प्रशंसनीय योगदान गर्दै आएको छ।

# दूधमात्र होइन घाँस पनि बेचेर प्रशस्त आर्जन गर्छन् बागलुङका किसान

**पोखरापत्र संवाददाता**
बागलुङ, २ असार

जिल्लाको जैमिनी नगरपालिका-१ को टुनिबोट क्षेत्रका किसान दूधमात्र होइन घाँस पनि बेचेर प्रशस्त आर्जन गर्न थालेका छन् ।

विसं २०५५ मा १६ लिटर दूध सङ्कलन गरी दूधको बजारीकरण थालेको बागलुङ नगरपालिका-१२ टाकुरीको कालीगण्डकी दुग्ध उत्पादक सहकारी संस्थाले हाल दैनिक आठ सय लिटर दूध बिक्री गर्दै आएको छ । बसाइँसराइले उजाड बन्दै गएको टाकुरीगाउँ र जैमिनी नगरपालिका-१ को टुनिबोटलगायत क्षेत्रका एक सय २० किसानले सहकारीमार्फत दूधको बजारीकरण गर्दै आएका उनीहरू घाँस पनि बेच्न थालेका छन् । भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले उक्त गाउँलाई घाँसको स्रोत केन्द्रका रूपमा विकास गरेको छ। सहकारीमार्फत दूधको बजारीकरण गर्दै आएको सहकारीले अहिले बागलुङ बजार र पोखरामा दूध बेच्दै आएको छ। कालीगण्डकी दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद लामिछानेले दूधको सङ्कलन, प्रशोधन र बजारीकरण गर्ने उद्देश्यले टाकुरीमा आफ्नै भवनमा सञ्चालित सहकारीका चारवटा सङ्कलन केन्द्र रहेका राससलाई बताउनुभयो । उहाँले सहकारीमा आबद्ध किसानलाई घाँसखेतीका निम्ति अभिप्रेरित गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एक सय २५ शेयर सदस्यमध्ये एक सय २० जनाले नियमित रूपमा दूध सङ्कलन गर्दै आएका छन्, घाँसमा आधारित पशुपालनका कारण यहाँका किसानले दूधको उत्पादन लागत घटाएर नाफा बढाएका छन् ।" सहकारीमार्फत किसानले वार्षिक रूपमा दूधमा अनुदानमात्रै रु पाँच लाख बुझ्दै आएका छन् । चालु आवमा सहकारीमार्फत एक लाख ८२ हजार लिटर दूध बिक्री भइसकेको छ भने किसानले दूधमार्फत रु एक करोड १८ लाख ३० हजारभन्दा बढी र भित्र्याएका छन् । सहकारीले किसानको दूध सङ्कलन गरी थोरै मुनाफा राखेर बजारीकरण गर्दै आएको छ । सहकारीले प्रतिलिटर रु ६५ मा सङ्कलन गरेर रु ७५ मा बेच्दै आएको छ। बागलुङ बजारमा प्रतिलिटर दूधको मूल्य रु एक सय २० कायम भएको छ । ढुवानी र प्रशोधन खर्च जोडेर सहकारीले दूध बेच्ने गरेको छ। बाँदर आतङ्कबाट पीडित यहाँका किसानले अन्नबाली लगाउन छाडेर घाँस लगाउन थालेपछि घाँस पजि बेच्न थालेका टुनिबोटका किसान रुद्रनाथ शर्माले बताउनुभयो । उहाँले १० रोपनी जग्गामा बहुवर्षे उन्नत जातको घाँस लगाएको बताउनुभयो । "सहकारीमार्फतदूधकोबजारीकरण गर्दै आएका किसानले यस वर्ष ४० क्विन्टल घाँस बेचेका छन् । हाल भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले प्रतिरोपनी घाँसमा रु तीन हजरका दरले अनुदान दिँदै आएको छ भने दूधमा प्रतिलिटर दुई रुपैया ५० पैसा अनुदान दिँदै आएको छ", दुग्ध किसान शर्माले भन्नुभयो ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले अहिले दूधमा उत्पादनका आधारमा अनुदान र घाँसखेती गर्ने किसानलाई क्षेत्रफलका आधारमा अनुदान दिएकाले किसान उत्साहित भएका केन्द्र प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । दूधमा अनुदान पाउन संस्थागत अथवा व्यक्तिगत दैनिक दुई सय लिटरभन्दा बढी दूध उत्पादन हुनुपर्ने नियम बनाइएको उहाँले जानकारी दिनुभयो । टुनीबोट, तल्लो टुनिबोट, टाकुरी र कुश्मिसेरालगायत स्थानबाट किसानले दूध सहकारीमार्फत दूध बेच्दै आएका छन् ।

# लमजुङका घरबासमा पर्यटक घटेसँगै आम्दानी घट्यो

**पोखरापत्र संवाददाता**
लमजुङ ३ असार

यहाँका अधिकांश घरबासमा (होमस्टे) पर्यटक घट्न थालेसँगै यसको असर आम्दानीमा परेको छ । वर्षा लागेसँगै लमजुङमा सञ्चालित घलेगाउँ, भुजुङ, सिउरुङ, राइनासकोट, काउलेपानी, तुर्लुङकोट, भुस्मे तामाङ, नरुवाल मगरगाउँ, घेर्मुलगायतका घरबासमा पर्यटक आगमन सङ्ख्या घट्दा आम्दानी पनि घट्न थालेको हो ।

घरबाससम्म पुग्ने बाटो बिग्रिएको, दृश्यावलोकन स्पष्टता नहुने, यात्रा कठिन र जोखिमपूर्ण हुन थालेपछि पर्यटक आगमनमा कमी आएको हो । सञ्चालकहरु बर्खाको करिब तीन महिना घरबास पर्यटकविहीन जस्तै हुने बताउनुहुन्छ ।

दक्षिण एसियाकै नमुना ग्रामीण पर्यटकीय क्व्होंलासोथर गाउँपालिका-३ मा अवस्थित घलेगाउँ घरबास (होमस्टे) मा दैनिक तीन सयभन्दा बढी पर्यटक आउने गरे पनि बर्खा लाग्न थालेसँगै पर्यटक आगमन पातलो हुँदै गएको छ । घलेगाउँ घरबास व्यवस्थापक समितिका कार्यालय सचिव दीर्घ घलेले बर्खासँगै पर्यटक पातलिएको हो ।

केही समय अघिसम्म सामान्यतयाः दैनिक एक सयभन्दा बढी तथा शुक्रबार र शनिबार बिदाामा दुई सय ५० जनासम्म पर्यटक आगमन भए पनि केही दिनयता दैनिक औसतमा पाँच/सात जना मात्र पर्यटक आगमन भइरहेको उहाँको भनाइ छ । "बर्खा लागेपछि पर्यटक घटेका छन्, असोज महिना लागेपछि मात्रै अब पर्यटक बढ्छन्", उहाँले भन्नुभयो । पर्यटकीय मौसममा यहाँका घरबास सञ्चालकले मासिक रु ३० हजारदेखि ६० हजारसम्म कमाउने गरेको कार्यालय सचिव तथा घरबास सञ्चालक गुरुङले बताउनुभयो ।

समुद्री सतहबाट एक हजार छ सय मिटर उचाइमा रहेको बेँसीसहर नगरपालिका-३ काउलेपानी घरबासमासमेत पर्यटक आगमन घटेको छ । एक हप्ताअघिसम्म ५०/६० जनादेखि एक सयभन्दा बढी पर्यटक आगमन भइरहे पनि यतिबेला मुस्किलले १०/१२ जना पर्यटक आगमन हुन थालेको ग्रामीण काउँलेपानी घरबास व्यवस्थापन समितिका अध्यक्ष देवबहादुर गुरुङले बताउनुभयो । कुनै दिनमा पर्यटक नै शून्य हुन थालेको उहाँले बताउनुभयो ।

पर्यटक नआएपछि यहाँका घरबास सञ्चालक धान रोप्ने, कोदोको बीउ राख्ने, च्याउलगायत काममा व्यस्त हुनाले पर्यटक आउँदा गाउँमा सञ्चालित १५ घरले प्रतिघरबास रु ४०/५० हजार मासिक आम्दानी भइरहे पनि यतिबेला मुस्किलले रु आठ/१० हजार मात्र मासिक आम्दानी हुने गरेको उहाँले लबताउनुभयो ।

समुन्द्री सतहदेखि एक हजार आठ सय ५४ मिटरको उचाइमा रहेको मर्स्याङ्दी गाउँपलिका-३ सिउरुङ घरबासमा पर्यटक शून्य नै भइरहेको छ। मुलुकमा कोरोनापश्चात् लयमा फर्किन नसकेको यस घरबासमा फागुन महिनासम्म केही पर्यटक आए पनि चैतयता एक जना पनि पर्यटक आगमन हुन नसकेको सिउरुङ घरबास सञ्चालक समितिका सदस्य तथा मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिका सदस्य परकाशी गुरुङले बताउनुभयो ।

# योजना अलपत्र छोडेर निर्माण कम्पनी सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असार

जिल्लाकै 'लाइफलाइन' बेनी-दरबाङ सडकको तेस्रो खण्ड (करिब सात किलोमिटर) स्तरोन्नति गरी कालोपत्र गर्ने जिम्मा पाएको निर्माण कम्पनी सम्पर्कविहीन भएपछि योजना अलपत्र परेको छ ।

सदरमुकाम बेनीबजारदेखि पश्चिम म्याग्दीको प्रमुख व्यापारिक केन्द्र दरबाङसम्म २४ किमी दूरीको यो सडकको पहिलो र दोस्रो खण्डको १७ किमी सडक कालोपत्र भए पनि बिरुवा-क्याराभान जेभीले जिम्मा लिएको तेस्रो खण्ड भने कालोपत्र गर्ने सुरसार छैन । निर्माण कम्पनी बिरुवा-क्याराभान जेभीका सञ्चालक चन्द्र थकाली सम्पर्कमा नआएपछि पत्र पठाएर ताकेता गरिएको पूर्वाधार विकास कार्यालय म्याग्दीले जनाएको छ ।

विसं २०६३ मा ट्र्याक खुलेको यो सडकको स्तरोन्नति तथा कालोपत्रको काम तीन खण्डमा विभाजन गरेर अलग-अलग निर्माण कम्पनीले जिम्मा लिएका थिए । त्यसमध्ये दुई वटा खण्ड कालोपत्र भइसकेका छन् । यो सडक कालोपत्र आयोजनाको ठेक्का बिरुवा-क्याराभान जेभीले विसं २०७६ जेठ ३१ लिएको थियो । निर्माण कम्पनीको अटेरीले पाँच वर्षमा पनि आयोजनाले पूर्णता पाउन नसक्दा यात्रु, यातायात व्यवसायी र स्थानीयवासी सास्ती पाउने गरेका छन् । मङ्गला गाउँपालिका-२, रणबाङदेखि मालिकाको केन्द्र दरबाङसम्म सात किमी सडक कालोपत्र गर्न निर्माण कम्पनी र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु २२ करोड ५७ लाख नौ सय ३२ मा ठेक्का सम्झौता भएको थियो । कार्यालयका अनुसार आयोजनाको अहिलेसम्म भौतिक प्रगति करिब ७२ प्रतिशत सम्पन्न भएको छ । गत वैशाख पहिलो सातादेखि निर्माण व्यवसायी आयोजनास्थलमा नदेखिएका स्थानीयले बताएका छन् । निर्माण कम्पनी सम्पर्कविहीन भएपछि दुर्घटनाको जोखिम र यातायात सञ्चालनमा समस्या हुने गरेको रणबाङका श्रीराम पौड्यालले बताउनुभयो । सडक निर्माण अलपत्र हुँदा धुलो र धुवाँले हैरान बनाउनुका साथै स्वास्थ्यमा समस्या देखिन थालेको मालिका गाउँपालिका-६ तोलाबाङकी पूर्णकली विकले गुनासो गर्नुभयो । सडक आयोजनाका निर्माण व्यवसायीलाई पटकपटक ताकेता गरे पनि अटेरी गरेको पूर्वाधार विकास कार्यालय म्याग्दीका इञ्जिनियर अर्जुन शर्माले बताउनुभयो ।

# स्थानीय मिडियाहरु बलियो नहुँदा ऐन कार्यन्वयनमा समस्या

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ असार



स्याङ्जाको वालिङमा आयोजित कार्यक्रममा पत्रकार तथा मिडिया संचालकहरुले स्थानीय तहमा मिडियाहरुलाई संस्थागत गर्न नसक्दा श्रमजीवी पत्रकार ऐनको पुर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको बताएका छन् ।

न्युनतम पारिश्रमीक निर्धारण समितिको आयोजना तथा नेपाल पत्रकार महासंघ स्याङ्जा शाखाको समन्वयमा सोमबार वालिङमा आयोजित श्रमजीवी ऐन कार्यान्वयनको अवस्था र ऐन संसोधनको विषयमा जिल्लास्तरीय छलफल तथा अर्न्तक्रियामा पत्रकारहरुले यस्तो बताएका हुन् ।

कार्यक्रममा स्थानीय तहबाट प्रकाशन हुने विज्ञापनहरुबाट वार्शिक करोडौँ बाहिरिएको पत्रकार महासंघ स्याङ्जाका निर्वतमान अध्यक्ष ओमप्रकाश शर्माले बताए । देश संघिय संरचनामा गईसकेपछि स्थानीय तहहरुबाट प्रकाशन हुने विज्ञापनहरु विज्ञापन एजेन्सीहरुबाट गर्ने कारण स्थानीय मिडियाहरु समस्यामा परेको भन्दै वार्शिक रुपमा यसरी बाहिरिने करोडौँ रकमलाई जिल्लाभित्रै रहेका मिडियाहरुलाई बलियो बनाउन सकियो भने न्युनतम पारिश्रमक ऐन कार्यान्वयन हुने जिकिर गरे ।

मिडिया हाउस नै आर्थिक रुपमा बलियो नहुँदा पत्रकार हरुको लागी न्युनतम पारिश्रमीक ऐन कार्यान्वयन हुन नसकेको सहभागिहरुले बताएका थिए । मिडियाको लागी बजार बलियो बनाउन सकेमा मात्रै श्रमजीवी पत्रकार ऐन व्यवहारिक बन्ने भन्दै मिडिया हाउसहरुलाई वर्गीकरण गरेर विज्ञापनमा एकद्धार प्रणाली लागू गर्नुपर्ने सहभागि पत्रकाहरुको सुझाव छ । पत्रकारहरु सामाजिक तथा आर्थिक रुपमा सुरक्षित हुँन नसक्दा पत्रकारिता पेशाबाट पलायन हुने अवस्था सृजना भएको सहभागि पत्रकारहरुको भनाई थियो ।

प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य हिमलाल पराजुलीले ऐन कायान्वयन नगर्ने मिडिया हाउसहरुलाई कारबाही गर्ने अधिकार न्यनतम पारिश्रामीक समितिलाई प्रदान गर्नुपर्नेमा जोड दिए । समितिले जिल्लाको वस्तुगत विषयको रिर्पोट गर्ने, अनुगमन गर्ने तर कारबाही गर्ने निकाय अर्को हुँदा यसले पुर्णता पाउन नसकेको भन्दै न्युनतम पारिश्रमीक समितिलाई नै यो अधिकार दिलाउनका लागी पत्रकार महासंघ तथा समग्र पत्रकार एकजुट हुनुपर्ने बताए ।

कार्यक्रममा न्यनतम पारिश्रमीक समितिका अध्यक्ष संगिता खड्काले समितिले अहिलेसम्म गरेका काम, पत्रकारहरुको हितमा गरेका पहलहरुलगायतका विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । खड्काले पत्रकारहरु पछिल्लो समय बढ्दै गरेको प्रविधितर्फ आँफूलाई ढाल्न सक्नुपर्ने भन्दै क्षमता अभिवृद्धिका तालिमहरु संचालन गरिरहनुपर्ने बताइन् । न्युनतम पारिश्रमिक ऐन लागू भएपनि व्यवहारिक रुपमा यसको कार्यान्वयन नभएको खध्यक्ष खड्का भनाई थियो ।

अध्यक्ष खड्काको प्रतिवेदन माथि पत्रकार महासंघका निर्वतमान अध्यक्ष शर्मा र प्रेस चौतारीका केन्द्रिय सदस्य पराजुलीले सुझाव सहित समग्र जिल्लाको पत्रकारिताको विषयमा प्रकाश पारेका थिए । कार्यक्रम नेपाल पत्रकार महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देलको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत महासंघका उपाध्यक्ष भवानी अधिकारी, संचालन महासंघका सदस्य अमृत अर्याल र धन्यवाद न्युनतम पारिश्रमिक समितिका सदस्य शान्ता अधिकारीले गरेकी थिइन् । स्याङ्जामा ३ साप्ताहिक र १ पाक्षिक गरी ४ पत्रिका, ४ रेडियो, ३ टेलिभिजन र १० भन्दा धैरै अनलाईनहरु संचालित छन् ।

# धौलागिरि अस्पतालमा तीन वर्षे नर्सिङ पढाइ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

बागलुङको धौलागिरि अस्पतालमा एसइई पछिको तीन वर्षे नर्सिङ पढाइ हुने भएको छ । गण्डकी प्रदेश सरकारले धौलागिरि अस्पतालमा आगमी आर्थिक वर्षदेखि गर्भवती, सुत्केरी र शिशुको स्याहारसम्बन्धी तीन वर्षे (मिडवाईफ) नर्सिङ कोर्षको पढाइ हुनेगरी आवश्यक बजेट विनियोजन गरिएको जनाएको छ ।

प्रदेश मातहतका अस्पताल तथा वर्थिङ सेन्टरमा तालिम प्राप्त मिडवाईफमार्फत सेवा प्रवाहको सुनिश्चतताका लागि आगामी आवदेखि प्रविणता प्रमाणपत्र तहको 'मिडवाईफरी शैक्षिक कार्यक्रम' धौलागिरि अस्पतालमा अध्यापन सुरु गरिने अस्पतालमा प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा रविरञ्जन प्रधानले जानकारी दिनुभयो । उक्त अस्पतलमा प्रदेश सरकारले स्वास्थ्य सेवाका लागि ठूलो लगानी गरिरहेको छ । दुई सय शय्यामा स्तरोन्नतिको चरणमा रहेको अस्पतालमा प्रदेश सरकारले हालै मात्र सिटिस्क्यान सेवा सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो । गर्भवती महिला, सुत्केरी तथा शिशु स्याहारसम्बन्धी पढाइका लागि प्रदेशको बजेट तथा कार्यक्रममा समावेश गरिएकाले आगामी आवदेखि पढाइ सञ्चालनको तयारी भइरहेको डा प्रधानले जानकारी दिनुभयो ।

"यो एसइई दिएपछि पढ्न पाइने तीन वर्षे नर्सिङ कोर्ष हो । यसमा गर्भवती, सुत्केरी र शिशुको स्याहारसम्बन्धी मात्रै अध्ययन हुन्छ", उहाँले भन्नुभयो, "अस्पतलालाई समेत मेडिकल कलेज बनाउने विषयमा प्रदेश सरकार सकरात्मक छ, बजेट विनियोजन भए पनि कति बजेट भन्ने विषय भने आइसकेको छैन । उक्त विषय अध्यापनका लागि एक सय शय्याको अस्पताल र वार्षिक एक हजार दुई सय सुत्केरी अस्पतालमा हुनुपर्ने हुन्छ ।" अस्पतालमा सुत्केरी हुनेको सङ्ख्या मापदण्ड अनुसार पुग्नेभए पनि आधिकारिक रूपमा एक सय शय्याको अस्पताल नपुगेको प्रमुख डा प्रधानले बताउनुभयो । अहिले पनि आधिकारिक रूपमा अस्पताल ५० शय्यामा नै सञ्चालन भइरहेको उहाँको भनाइ छ । अस्पताललाई ५० शय्याबाट स्तरोन्नति गरी दुई सय शय्याको उपप्रादेशिक अस्पताल बनाउन प्रदेश सरकारले पूर्वाधार र उपकरणमा लगानी गरेपनि दुई सय शय्याको अस्पताल कार्यान्वयमा आउन नसकेको डा प्रधानले जानकारी दिनुभयो । गण्डकी सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि रु ३२ अर्ब ९६ करोड ८५ लाख बजेट ल्याएको छ ।

आर्थिक मामिलामन्त्री टकराज गुरूङले शनिबार प्रदेशसभामा चालुतर्फ रु १३ अर्ब १६ करोड अर्थात् ३९ प्रतिशत र पुँजीगततर्फ ६० प्रतिशत अर्थात् रु १९ अर्ब ५१ करोड बजेट विनियोजन गरिएको जानकारी दिनुभएको थियो । प्रदेश सरकारले बागलुङको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शय्याको प्रदेशस्तरीय अस्पताल बनाउने योजना आगामी वर्ष कार्यान्वयनमा ल्याउने जनाएको छ ।


## कर्जा चुक्ता गर्न आउनेबारे ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०३/०४)**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट हायर पर्चेज कर्जा लिँदा बखत सहकारीसँग भए गरेका शर्त तथा कबुलियत लिखित बमोजिम लानुभएको कर्जाको तिर्नुपर्ने सावाँ, व्याज सहितको रकम संस्थालाई म्याद भित्र नबुझाई नतिरी सहकारी संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गरी पटक पटक संस्थावाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ तत्परता नदेखाएको हुनाले यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज तथा अन्य दैदस्तुर समेत बुझाउन ल्याउन सम्बन्धित ऋणी र धितो जमानी दिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिएको छ । अन्यथा ऋणी र सहकारी बिच भए गरेका सर्त सम्झौता सहकारीको नियम सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले सहकारीलाई दिएको कानुन प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको लि.को कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई ऋणीको धितो जमानी स्वरुप संस्थालाई लेखि दिएको चलअचल सम्पत्ती जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असूलउपर गरिलिने तर्फ आवश्यक कारबाही प्रक्रिया अघि बढाईने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिन्छ । साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिल :**

| क्र.सं | ऋणीको नाम, ठेगाना | धितोमा रहेको सवारी साधनको विवरण |
|---|---|---|
| १. | **श्री प्रभा कार्की**<br>(ना.प्र.प.नं. : ४६-०१-७१-०६७०८.,<br>जारी मिति २०७१/०७/१०, कास्की<br>ठेगाना : पोखरा-१० , कास्की<br>हालको ठेगाना : पोखरा -१०, बुद्धचोक कास्की<br>बाबुको नाम : अर्जुन बहादुर कुँवर<br>बाजेको नाम : प्रेम बहादुर कुँवर<br>पतिको नाम : महेन्द्र कार्की | १. दर्ता नं. ग ३ च ७१७७ रहेको रेनोल्ट कार<br> |
| २. | **श्री विकास अधिकारी**<br>(ना.प्र.प.नं. : ४२-०१-७२-०२७७३,<br>जारी मिति २०७२/०८/२०, स्याङ्जा<br>ठेगाना : किचनास -०९ , स्याङ्जा<br>हालको ठेगाना : पोखरा -०१, बगर कास्की<br>बाबुको नाम : घनश्याम अधिकारी<br>बाजको नाम : केशवराज अधिकारी | १. दर्ता नं. ग २२ प ४९७५ रहेको रोयल ईन्फिल्ड ३५० सिसी<br> |

**नोट** : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।

**युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
**पोखरा-१०,रक्षामार्ग, फोन: ०६१-५७१०१०, ५८९९६४**
E-mail: unitednepal.mcos@gmail.com


# गण्डकीमा तीन औद्योगिक ग्राम सञ्चालनको तयारी

**रामबहादुर थापा**
पोखरा, ३ असार/रासस

गण्डकी प्रदेशमा निर्माण घोषणा भएका २९ औद्योगिक ग्राममध्ये तीन औद्योगिक ग्राम आगामी आव २०८१/८२ भित्र सञ्चालनमा ल्याइने भएको छ ।

उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालयका अनुसार तनहुँको आँबुखैरेनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका र पूर्वाधारको अवस्था हेरेर थप एउटा स्थानीय तहमा औद्योगिक ग्राम सञ्चालनको तयारी गरिएको हो । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले तीन औद्योगिक ग्राम सञ्चालनको योजनालाई प्रदेश सरकारको बजेटले समेटेको जानकारी दिनुभयो । "आँबुखैरेनी र अर्जुनचौपारीमाउद्योगस्थापनाका लागि सम्झौतासमेत भइसकेको छ, आँबुखैरेनीमा बाँसको फर्निचर र फलामको मेसिनरी उद्योग खोल्ने तयारी छ", उहाँले भन्नुभयो, "मन्त्रालयले स्थानीय तहलाई कार्यविधि तोकेर पठाएको छ, सोहीअनुसार औद्योगिक ग्राम सञ्चालनको प्रक्रिया अगाडि बढ्छ ।" उहाँले प्रदेशका अन्य औद्यागिक ग्राम सञ्चालनका लागि न्यूनतम भौतिक पूर्वाधार निर्माणको काम भइरहेको बताउनुभयो । समयमा जग्गा व्यवस्थापन नहुनु, अन्तर निकाय र मन्त्रालयबीच समन्वय अभाव, स्थानीय तहको तदारुकतामा कमीजस्ता कारणले औद्योगिक ग्राम निर्माणले सोचे जसरी गति लिन नसकेको उहाँले बताउनुभयो ।

"बजेटका कारणले नभई अरू नै समस्याले औद्यागिक ग्रामको काम सुस्त देखिएको छ", महाशाखा प्रमुख आचार्यले भन्नुभयो, "यसमा स्थानीय तहको नै बढी पहल र सक्रियताको खाँचो छ ।" मन्त्रालयले कामको प्रगति मूल्याङ्कनका आधारमा मात्र अब औद्योगिक ग्रामलाई बजेट दिने गरेको छ । लगानी प्रबन्ध र कार्यान्वयनमा स्थानीय तहले देखाएको उदासीनताका कारण कतिपय औद्योगिक ग्राम घोषणामा मात्र सीमित बनेका छन् । प्रदेशको महत्वपूर्ण औद्योगिक पूर्वाधारका रूपमा हेरिएको औद्योगिक ग्राम निर्माण र सञ्चालनमा भएको ढिलाइप्रति जनस्तरमा पनि गुनासो बढेको छ । तीनै तहका सरकारको लागत साझेदारीमा औद्योगिक ग्राम खोल्ने नीति छ । औद्योगिक ग्रामका लागि सङ्घ र प्रदेश सरकारबाट बजेट उपलब्ध भए पनि योजना कार्यान्वयनको जिम्मा स्थानीय तहलाई छ । जग्गा व्यवस्थापन गर्न नसकेर कतिपय ठाउँमा योजना नै अघि बढ्न सकेको छैन । कहीँ लगानी भएर पनि कामको उपलब्धि कमजोर छ ।

प्रदेश सरकारले गाउँठाउँमै उद्योगधन्दा खोली रोजगारी सृजना गर्ने सरकारको लक्ष्यअनुसार औद्योगिक ग्राम निर्माणको योजना अगाडि बढाएको हो । स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सृजना र आर्थिक समृद्धिमा औद्योगिक ग्रामले टेवा पुऱ्याउने विश्वास लिइएको महाशाखा प्रमुख आचार्यले बताउनुभयो ।

तनहुँको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले विकास आयोजनाको भविष्य र दिगोपना विचार गरेर मात्र सरकारले लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले औद्योगिक ग्रामका लागि योजनाबद्ध रूपमा बजेट, कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो । 'एक स्थानीय तह, एक औद्योगिक ग्राम'को सरकारी अभियानलाई गति दिन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने प्रमुख त्रिपाठीले बताउनुभयो । एउटा औद्योगिक ग्राममा रु २० देखि २५ करोडसम्मका पूर्वाधार निर्माण हुने मन्त्रालयले जनाएको छ । औद्योगिक ग्रामका लागि स्थानीय तहले जग्गा उपलब्ध गराउनुपर्ने प्रावधान छ । सङ्घ र प्रदेश सरकार दुवैको नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा औद्योगिक ग्राम बनाउने उल्लेख छ । स्थानीय तहले जग्गाको जोहो गरेपछि मात्र सङ्घ र प्रदेश सरकारले औद्योगिक पूर्वाधार निर्माणका लागि लगानी गर्छन् ।

औद्योगिक ग्राममा खानेपानी, बिजुली, नाली, घेरबार, प्रवेशद्वार, प्रदर्शनी, बिक्री र भण्डारण कक्षलगायत भौतिक पूर्वाधार निर्माण गरिनेछ । निजी क्षेत्रलगायत अन्य सरोकार भएका पक्षसँगको समन्वय र सहकार्यमा औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ । औद्योगिक ग्राममा साना तथा मझौला उद्योग रहने महाशाखा प्रमुख आचार्यले जानकारी दिनुभयो । स्थानीय स्तरमा पाइने कच्चापदार्थ, कृषि, वन पैदावर, जडीबुटी, खानी, खनिज आदिमा आधारित उद्योग खोल्न सकिने व्यवस्था छ । औद्योगिक ग्रामका लागि सरकारले हिमाली र दुर्गम पहाडी जिल्लामा ३० रोपनी, पहाडी क्षेत्रमा ४० रोपनी र तराईमा सात बिघा जग्गाको मापदण्ड तोकेको छ ।

गण्डकी प्रदेशमा तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालिगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला, मनाङको चामे गाउँपालिकालगायत स्थानीय तहमा औद्योगिक ग्राम निर्माणको घोषणा गरिएको छ ।

# कास्की-तनहुँको पुँडीटार औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

गण्डकी प्रदेश सरकारले कास्की-तनहुँको पुँडीटार र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लोकाहाखोलास्थित औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण गर्ने भएको छ ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटमा औद्यागिक पूर्वाधारका रूपमा प्रादेशिक औद्यागिक क्षेत्र र औद्योगिक ग्रामको न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याइने उल्लेख छ ।

गण्डकी प्रदेशमा घोषणा भएका २९ वटा औद्योगिक ग्राममध्ये आगामी आर्थिक वर्षमा तीनवटा औद्योगिक ग्राम सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको आर्थिक मामिला मन्त्री डा टकराज गुरुङले बताउनुभयो । महिला तथा युवाद्वारा सञ्चालित उद्यम तथा व्यवसायको सबलीकरण, सम्भावना बोकेका उद्यमहरूको स्तरोन्नतिका लागि स्थानीय तह तथा साझेदार संस्थासँगको लागत तथा प्राविधिक साझेदारीमा प्रदेशभित्रका पाँच स्थानीय तहमा वृद्धिमुखी, उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमलाई परीक्षण परियोजनाका रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो ।

'उत्पादन, उद्यमशीलता र उद्यमः गण्डकी समुन्नतिको माध्यम' अभियानलाई प्रवर्द्धन गर्न उद्योग, कृषि, रोजगार वृद्धिसम्बन्धी कार्यक्रम एकीकृत रूपमा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो ।